# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, मंसीर ९ गते २०६५ साल (अतिरिक्ताङ्क ३७


## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०६५

सार्वजनिक खरिद नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०६५ रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा संशोधनः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ को उपनियम (८) पछि देहायको उपनियम (९) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजामती सेवा ऐन, २०४९ बमोजिम सहायक कार्य गर्ने श्रेणी विहीन पदहरूबाट सम्पादन गरिने कार्य न्यूनतम पारिश्रमिक तोकी व्यक्ति वा संस्थासंग करार गरी सेवा करारबाट सम्पादन गर्नु पर्दा सोही ऐनबमोजिम हुनेछ।"

आज्ञाले,
कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव



912

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
मा.हु.३.न ९६।०६२।६३

911
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।